# भिमाद नगरपालिका

**BHIMAD MUNICIPALITY**

## नगर कार्यपालिकाको कार्यालय

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

भिमाद, तनहुँ

**Bhimad, Tanahun**

२०७३/2073

गण्डकी प्रदेश, नेपाल

**Gandaki Province, Nepal**

प.सं./Ref No.:- २०८०/०८१

च.नं./Des No.:-

**विषयः नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी दरखास्त आव्हान गरिएको सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०४/१४ गते आइतवार**

प्रस्तुत विषयमा भिमाद नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, भिमाद-६, तनहुँमा आवश्यक नगर प्रहरी सेवा करारमा लिनको लागि गठित पदपूर्ति समितिको मिति २०८०/०४/११ गतेको वैठकवाट निर्णय भएकोले देहायका नगर प्रहरी पदमा खुल्ला प्रतियोगिताद्वारा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक तपसिल वमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायका आवश्यक कागजातहरु निवेदक आफैले प्रमाणित गरी तोकिएको ढाँचामा यस कार्यालयमा निवेदन दिन दरखास्त आह्वान गरिन्छ ।

<u>तपसिल</u>

| क.सं | विज्ञापन नं. | पद | संख्या | काम गर्नुपर्ने कार्यालय |
|---|---|---|---|---|
| १ | २-२०८०/०८१ | नगर प्रहरी हवल्दार | १ | भिमाद नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भिमाद-६, तनहुँ |
| २ | ३-२०८०/०८१ | नगर प्रहरी जवान | १ | |

१. आवश्यक न्युनतम योग्यता, अनुभव र कागजातहरुः-

क. मान्यता प्राप्त शिक्षण संस्थावाट नगर प्रहरी हवल्दारको लागि दश जोड दुई उत्तीर्ण वा सो सरह र नगर प्रहरी जवानको लागि एस एल सी/एस इ इ वा सो सरह उत्तीर्ण भएको । (ग्रेडिङ पद्दतिको हकमा कम्तीमा १.६ जिपिए हासिल गरेको)

ख. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

ग. पासपोर्ट साइजको २ प्रति फोटो,

घ. दरखास्त आव्हान भएको सालको वैशाख १ गते १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, सेवा निवृत्त प्रहरी/सेनाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ तर कार्यरत नगर प्रहरीको हकमा उमेरको हद लाग्ने छैन,

ङ. पुरुषको हकमा घटीमा ५ फिट २ इन्च र महिलाको हकमा घटीमा ५ फिट उचाई भएको,

च. छाति नफुलाउदा घटीमा ३१ इन्च र फुलाउदा ३३ इन्च भएको,

छ. आखाको दृष्टी माइनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको,

ज. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको (सिफारिस भै सके पछि नियुक्ति हुनु पूर्व प्रहरी कार्यालयमा वुझी यकिन गरिनेछ)

झ. कुनै राजनीतिक दल वा भातृ संगठनको सदस्य नरहेको, (स्वघोषणाको कागज संलग्न हुनुपर्ने)

२. दरखास्त दिने स्थानः- भिमाद नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भिमाद-६, तनहुँ ।

३. दरखास्त दिने अन्तिम मितिः- २०८० श्रावण २८ गते आइतवार कार्यालय समय वेलुका ५ वजे भित्र ।

४. सेवा सुविधाः सेवा करार सम्झौता वमोजिम हुनेछ ।

५. दरखास्त दस्तुरः नगर प्रहरी हवल्दारको रु.४००। र नगर प्रहरी जवानको रु.३००।

६. छनौटको किसिमः प्रथम चरणः-प्रारम्भिक स्वास्थ्य परीक्षण, दोस्रो चरणः- शारीरिक तन्दुरुस्ती परीक्षण, तेस्रो चरणः-लिखित परीक्षा र चतुर्थ चरणः- अन्तरवार्ता ।

७. सि.नं. ६ वमोजिमको शारिरीक तन्दुरुस्ती परीक्षा र लिखित परीक्षाको पाठ्यक्रम नेपाल प्रहरी प्रधान कार्यालयवाट जारी भएको प्रहरी जवान पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम अनुसार हुनेछ ।

पुनश्चः प्रत्येक चरणको परीक्षाको नतिजा प्रकाशन पछि उत्तीर्ण उम्मेदवारलाई मात्र अर्को चरणको परीक्षामा सहभागी गराइनेछ।

लेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत